बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ

मन्त्री



## "३६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, २०२६ को शुभकामना"

३६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस (अक्टोबर १) को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण ज्येष्ठ नागरिकहरुको सु-स्वास्थ्य, दीर्घायु एवम् सम्मानित जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संयुक्त राष्ट्रसंघले सन् १९९० को डिसेम्बर १४ मा अक्टोबर १ तारिखलाई 'अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस को रुपमा मनाउने प्रस्ताव पारित गरेपश्चात विश्वभरि नै आजको दिनलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको रुपमा मनाउने गरिएको छ। यस वर्षका लागि संयुक्त राष्ट्र संघले तय गरेको दिवसको अन्तर्राष्ट्रिय नारा "The Age of Longevity :Rethinking Systems for Longer Lives" लाई राष्ट्रिय सन्दर्भ समेतको आधारमा "दीर्घायूको युग:दीर्घ जीवनका लागि जीवन पद्धतिमा पूर्नविचार गरौं" भन्ने आदर्श वाक्यका साथ आत्मसात गरिएको छ।

ज्येष्ठ नागरिक हाम्रा परिवार र समाजका मार्गदर्शक, अनुभवका खानी र ज्ञानका स्रोत हुनुहुन्छ। उहाँहरूको अनुभव र योगदानको कदर गर्दै उहाँहरूको ज्ञान, सिप र अनुभवलाई अन्तर पुस्तान्तरण गर्नु आवश्यक छ। वास्तवमा ज्येष्ठ नागरिक इतिहासका साक्षी र भविष्यका पथप्रर्दशक भएकोले उनीहरुको विशेष हेरचाह र सम्मान गर्नु परिवार, समाज र राज्यको दायित्व र कर्तव्य हो। ज्येष्ठ नागरिकहरुलाई उचित सम्मान, माया र सुरक्षा प्रदान गर्न तीनै तहका सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, समाज, परिवार र सबै व्यक्तिले आ-आफ्नो क्षेत्रबाट सकिने सहयोग र योगदान गर्नु हामी सबैको सामूहिक दायित्व हो।

२०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट ज्यान गुमाउनुभएका सम्पूर्ण ज्येष्ठ नागरिकप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाइते तथा प्रभावित ज्येष्ठ नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै पुन:स्थापनाका लागि मन्त्रालयले निरन्तर रुपमा लागि रहेको बेहोरा जानकारी गर्दछु।

अन्तमा, मातृदेवो भवः पितृ देवो भवः आचार्य देवो भवः, आमा बुवा र गुरु देवता समान हुन् भन्ने हाम्रो पूर्वीय दर्शनमा आधारित आदर्श परिवारको महत्व बुझ्न र बुझाउन आजको दिनले सम्वद्ध सबैलाई प्रेरणा प्रदान गर्ने अपेक्षा सहित पुनः ज्येष्ठ नागरिकहरुको सु-स्वास्थ्य र दिर्घजीवनको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

मिति:२०८३ असोज १५ गते बिहीबार।

नेपाल संवत् ११४६, ञलागा पञ्चमी

मा. गिर बहादुर तामाङ

मन्त्री

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२१५८९, ०५७-५२३१७९ र ०५७-५२३८२९

इमेल: mosd@bagamati.gov.np, वेबसाइट:mosd.bagamati.gov.np